# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०१।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

तत्कालीन महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा गैरकानूनी तवरले लिज तथा बिक्री गरी सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन महेन्द्रनगर नगर विकास समितिका निम्नबमोजिमका पदाधिकारीहरु तथा कर्मचारीहरुले नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा समितिमा कार्यरत कर्मचारीहरुलाई समितिले जग्गा बितरण गरेका अवस्थामा सहानुभूतिपूर्वक प्राथमिकता दिने भन्ने समितिको मिति २०६४/०७/३० को निर्णयलाई तोडमरोड/अपव्याख्या गरी मिति २०६४/०९/०६ को तत्कालीन नगर विकास समितिका अध्यक्ष कान्तुराम पनेरुको एकल तोक आदेशबाट समितिमा कार्यरत कर्मचारीहरुलाई गैरकानुनी रुपमा जग्गाको हक हस्तान्तरण गरेको देखिएकाले सो कार्यमा संलग्न निम्नबमोजिमका तत्कालीन महेन्द्रनगर नगर विकास समितिका अध्यक्ष, समितिमा कार्यरत कर्मचारीहरु र सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न मालपोत कार्यालय, कञ्चनपुरका कर्मचारीहरुको हकमा देहायबमोजिमको कसुरमा देहायबमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

| सि. नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन अध्यक्ष कान्तुराम पनेरु | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएको देखिएकोले ऐ. ऐनको, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा २४ ले परिभाषित गरेबमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निजउपर सोही दफा २४ बमोजिम थप सजायसमेतको मागदाबी लिने । साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुलउपर गरी पाउन मागदावी लिइएको छ । |
| २. | तत्कालीन नायब सुब्बा पुष्पराज भट्ट | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२९,७४,३६०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम निजबाट बिगो समेत असुल उपर गरी पाउन मागदावी लिइएको छ । |
| ३. | तत्कालीन सदस्य सचिव चन्द्र प्रसाद चौधरी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु.२९,७४,३६०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो |

| | | | | |
|---|---|---|---|---|
| | | | | समेत असुल उपर गरी पाउन मागदावी लिइएको छ । |
| ४. | तत्कालीन ई.मोहन देव भट्ट | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. ३,०४,८३७.५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गर्न मागदावी लिइएको छ । |
| ५. | तत्कालीन खरिदार दान सिह कार्की (मृत्यू भईसकेको) | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. २,५१,२६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम बिगो रकम असुल उपर गरिपाउने मागदावी लिनुपर्ने अवस्था रहेको भएतापनि निजको मृत्यु भएको देखिंदा अपराधीसँगै अपराध मर्दछ भन्ने फौज्दारी न्यायको सर्वमान्य सिद्धान्तको साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) सहितको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएका व्यक्तिको हकमा समेत सरकारी वा निजि बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेको र निजको मृत्यु भैसकेको र निजको नाममा नगर विकास समितिबाट प्राप्त गरेको जग्गा बेचविखन भै सकेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कैद तथा जरिवाना गर्न सकिने अवस्था नरहेकोले निजको हकमा प्रचलित कानुन बमोजिम निजको हक खाने अंशियारबाट बिगो ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गर्ने प्रयोजनको लागि मात्र मागदाबी लिइएको छ । |
| ६. | खरिदार लक्ष्मण दत्त जोशी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. ३,८६,१८७.५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गरी हाल उक्त जग्गा निजकै स्वामित्वमा देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ४७ बमोजिम जफत गरी नगर विकास समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ७. | तत्कालीन अमिन | तत्कालीन महेन्द्रनगर | रु. ३,१७,४६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा |

| | | | | |
|---|---|---|---|---|
| | दुर्गा प्रसाद पनेरु | नगर विकास समिति | | ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गर्न मागदावी लिइएको छ । |
| ८. | तत्कालीन का.स. हर्क नारायण जोशी | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. २,५१,२६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गरी जग्गा निजकै स्वामित्वमा देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ४७ बमोजिम जफत गरी नगर विकास समितिकै नाममा कायम गर्ने मागदाबी लिइएको छ । |
| ९. | तत्कालीन सुपरभाईजर गंगा दत्त भट्ट | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. ३,६२,१००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गर्न मागदावी लिइएको छ । |
| १०. | तत्कालीन कम्प्यूटर अपरेटर लाल बहादुर ओखेडा | तत्कालीन महेन्द्रनगर नगर विकास समिति | रु. ३,९५,४३७.५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रकम असुल उपर गर्न मागदावी लिइएको छ । |
| ११. | तत्कालीन कार्यालय प्रमुख मालपोत अधिकृत विशन सिंह थापा | मालपोत कार्यालय, कञ्चनपुर | रु. २९,७४,३६०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरीलिन मागदावी लिइएको छ । |
| १२. | तत्कालीन शाखा अधिकृत दलजित भट्ट | मालपोत कार्यालय, कञ्चनपुर | रु.१३,३१,९९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरको मतियार हुने कसूर गरेको देखिएकोले ऐ. ऐनको दफा २२ बमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी ऐ.ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ । |
| १३. | तत्कालीन शाखा अधिकृत जय बहादुर विष्ट | मालपोत कार्यालय, कञ्चनपुर | रु. १,५५,१९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले ऐ. ऐनको दफा २२ बमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी ऐ.ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुल उपर |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्न मागदाबी लिइएको छ । |
| १४. | तत्कालीन खरिदार नमराज भट्ट | मालपोत कार्यालय, कञ्चनपुर | रु. १४,८७,१८०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिकोले निजलाई ऐ. ऐनको दफा २२ बमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय हुन र ऐ.ऐनको दफा ८(१) र दफा २२ बमोजिम बिगो असुल उपर गर्न मागदाबी लिइएको छ । |
| १५. | हाल कायम हुन आएको देखिएका जग्गाधनी कमला भट्ट, बिन्दु कुमारी जोशी, जयन्द्र राज पाण्डे, जयराज पन्त, दिपा कुमारी भट्ट,सरस्वती देवी गुरु, तारा देवी नाथ र राधा देवी पन्त | भिमदत्त न.पा. | | भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कुनै कसूर गरेको नदेखिएतापनि नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी सार्वजनिक प्रकृतिको जग्गा निज व्यक्तिका नाममा कायम रहेको देखिएको हुँदा ऐ. ऐनको दफा ४७ बमोजिम उक्त जग्गा निज व्यक्तिका नामबाट जफत गरी साबिकको महेन्द्रनगर नगर विकास समिति (हालः भीमदत्त नगर विकास समिति) को नाममा कायम गराउन मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी